# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, मंसिर ४ गते, २०८२ साल (संख्या १०

## भाग २

### गण्डकी प्रदेश सरकार

### स्वास्थ्य मन्त्रालयको सूचना

<u>गण्डकी प्रदेश अस्पताल व्यवस्थापन समिति (पहिलो संशोधन) गठन आदेश, २०८२</u>

गण्डकी प्रदेश अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश विकास समिति ऐन, २०७७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो गठन आदेश बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "गण्डकी प्रदेश अस्पताल व्यवस्थापन समिति (पहिलो संशोधन) गठन आदेश, २०८२" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **गण्डकी प्रदेश अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८२ दफा ३ मा संशोधनः** गण्डकी प्रदेश अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८२ को दफा ३ को उपदफा (१) को खण्ड (ख) को उपखण्ड (१) को सट्टा देहायको उपखण्ड (१) राखिएको छ:-

"(१) मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण सम्बन्धित जिल्ला वा अस्पताल अवस्थित स्थानीय तहसँग सिमाना जोडिएको स्थानीय तहमा स्थायी बसोबास गर्ने व्यक्तिमध्येबाट प्रदेश सरकारले मनोनित गरेको- अध्यक्ष।"

आज्ञाले,
डा. विश्व बन्धु बगाले
प्रदेश सरकारको सचिव

मुद्रक: गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु १०।-

# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, भदौ १२ गते, २०८२ साल (सङ्ख्या ०८

भाग २

## स्वास्थ्य मन्त्रालयको सूचना

## गण्डकी प्रदेश अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८२

**प्रस्तावना:** गण्डकी प्रदेश सरकार मातहत सञ्चालित अस्पतालहरुबाट प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, प्रशामक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन तथा

अस्पतालको कामकारवाही गुणस्तरीय, चुस्त, दुरुस्त र प्रभावकारी बनाउने कार्यमा सहयोग गर्न व्यवस्थापन समिति गठन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश विकास समिति ऐन, २०७७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "गण्डकी प्रदेश अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८२" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले अस्पताल व्यवस्थापन समितिको अध्यक्षलाई सम्झनु पर्छ।

(ख) "अस्पताल" भन्नाले गण्डकी प्रदेश सरकार मातहतका अस्पतालहरु सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले दफा ९ बमोजिमको कोष सम्झनु पर्छ ।

(घ) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(च) "सचिव" भन्नाले मन्त्रालयको सचिवलाई सम्झनु पर्छ ।

(छ) "सदस्य सचिव" भन्नाले अस्पताल व्यवस्थापन समितिको सदस्य सचिवलाई सम्झनु पर्छ ।

(ज) "सदस्य" भन्नाले अस्पताल व्यवस्थापन समितिको सदस्यलाई सम्झनु पर्छ। सो शब्दले समितिको अध्यक्ष र सदस्य सचिव समेतलाई जनाउनेछ ।

(झ) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(ञ) "स्थानीय तह" भन्नाले महानगर/उपमहानगर/नगर/गाउँ/पालिकालाई सम्झनु पर्छ ।

३. **समितिको गठनः** (१) प्रदेश सरकार अन्तर्गतका अस्पतालहरुको सञ्चालन र व्यवस्थापन गर्न अस्पतालमा देहाय बमोजिमका पदाधिकारी रहेको अस्पताल व्यवस्थापन समिति गठन गरिनेछः-

(क) प्रदेश सरकारबाट सय वा सो भन्दा माथि शैय्या स्वीकृत अस्पतालहरुको हकमाः-

(१) मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण सम्बन्धित जिल्लामा स्थायी बसोबास गर्ने व्यक्तिमध्येबाट प्रदेश सरकारले मनोनीत गरेको - अध्यक्ष

(२) अस्पताल रहेको सम्बन्धित स्थानीय तहको प्रमुख वा निजले तोकेको कार्यपालिका सदस्य - सदस्य

(३) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह उत्तीर्ण सम्बन्धित जिल्लामा स्थायी बसोबास गर्ने व्यक्तिमध्येबाट मन्त्रालयले मनोनीत गरेको एक जना महिलासहित दुई जना - सदस्य

(४) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय - सदस्य

(५) अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालय - सदस्य

(६) समितिले मनोनीत गरेको अस्पतालमा कार्यरत स्थायी विशेषज्ञ चिकित्सकहरु मध्येबाट एक जना - सदस्य

(७) अस्पतालको नर्सिङ प्रमुख - सदस्य

(८) प्रमुख / मेडिकल सुपरिटेन्डेन्ट - सदस्य सचिव

(ख) प्रदेश सरकारबाट पचास शैय्या स्वीकृत अस्पतालहरुको हकमाः-

(१) मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण सम्बन्धित जिल्लामा स्थायी बसोबास

गर्ने व्यक्तिमध्येबाट प्रदेश सरकारले मनोनीत गरेको - अध्यक्ष

(२) अस्पताल रहेको सम्बन्धित स्थानीय तहको प्रमुख वा निजले तोकेको कार्यपालिकाको सदस्य - सदस्य

(३) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण सम्बन्धित जिल्लामा स्थायी बसोबास गर्ने व्यक्तिमध्येबाट मन्त्रालयले मनोनीत गरेको एक जना महिलासहित दुई जना - सदस्य

(४) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय - सदस्य

(५) अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालय - सदस्य

(६) समितिले मनोनीत गरेको अस्पतालमा कार्यरत स्थायी विशेषज्ञ चिकित्सकहरु मध्येबाट एक जना - सदस्य

(७) अस्पतालको नर्सिङ प्रमुख - सदस्य

(८) प्रमुख / मेडिकल सुपरिटेन्डेन्ट - सदस्य सचिव

(ग) प्रदेश सरकारबाट पच्चिस शैय्यासम्म स्वीकृत अस्पतालहरुको हकमाः-

(१) सम्बन्धित जिल्लामा स्थायी बसोबास गर्ने व्यक्तिमध्येबाट प्रदेश सरकारले मनोनीत गरेको - अध्यक्ष

(२) अस्पताल रहेको सम्बन्धित स्थानीय तहको प्रमुख वा निजले तोकेको कार्यपालिका सदस्य - सदस्य

(३) सम्बन्धित जिल्लामा स्थायी बसोबास गर्ने व्यक्तिमध्येबाट मन्त्रालयले मनोनीत गरेको एक जना महिला - सदस्य

(४) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय - सदस्य

(५) प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालय - सदस्य

(६) अस्पतालको नर्सिङ प्रमुख - सदस्य

(७) मेडिकल सुपरिटेन्डेन्ट - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (क) (ख) र (ग) को क्रम सङ्ख्या एक र तीन बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्ष र खण्ड (क) र (ख) को क्रम सङ्ख्या छ बमोजिम मनोनीत सदस्यको पदावधि समितिले तोके बमोजिम हुनेछ ।

(३) उपदफा (१) को खण्ड (क) (ख) र (ग) बमोजिम मनोनीत सदस्य भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको एवं निजी अस्पतालको सञ्चालक वा आधारभूत शेयरधनी नरहेको हुनुपर्नेछ ।

४. **<u>समितिको बैठक सम्बन्धी व्यवस्थाः</u>** (१) समितिको बैठक त्रैमासिक रुपमा कम्तीमा एक पटक बस्नेछ ।

(२) अध्यक्षसँग समन्वय गरी सदस्य सचिवले समितिको बैठक आह्वान गर्नेछ।

(३) दफा ३ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) को क्रम सङ्ख्या एक बमोजिम मनोनीत अध्यक्ष अनुपस्थित भई बैठक बस्न नसकेमा क्रम सख्या दुई बमोजिम सदस्यको अध्यक्षतामा बैठक बस्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम समेत बैठक बस्न नसकेमा दफा ३ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) को क्रम सङ्ख्या तीन बमोजिम मनोनीत सदस्यको अध्यक्षतामा बैठक बस्न सक्नेछ ।

(५) बैठकको एजेण्डा सदस्य सचिवले बैठक बस्नु भन्दा कम्तीमा चौबिस घण्टा अगावै समिति सदस्यहरुलाई जानकारी दिनु पर्नेछ । त्यसरी जानकारी गराउँदा विद्युतीय माध्यम प्रयोग गर्न सकिनेछ ।

(६) समितिले आवश्यकतानुसार सम्बन्धित क्षेत्रको विषय विज्ञलाई समिति बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(७) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानि बैठक बस्न सक्नेछ ।

(८) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ तर मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ । उपदफा (६) बमोजिम आमन्त्रित व्यक्तिले मत दिन पाउने छैन ।

(९) समितिले प्रचलित कानूनको अधिनमा रहेर निर्णय गर्नु पर्नेछ। साथै समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरेपछि मात्र कार्यान्वयन हुनेछ र समितिको प्रमाणित निर्णय सात दिन भित्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(१०) पदाधिकारीहरुको बैठक भत्ता प्रदेश सरकारको प्रचलित खर्चको मापदण्ड बमोजिम हुनेछ । एक त्रैमासिकमा अधिकतम तीन पटकको मात्र बैठक भत्ता भुक्तानी हुनेछ । पदाधिकारीहरुलाई बैठक भत्ता बाहेक अन्य कुनै पनि सुविधा उपलब्ध हुने छैन ।

(११) समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

५. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अस्पतालको समग्र विकास लागि सरोकारवालासँग समन्वय एवं सहकार्य गरी गुणस्तरीय सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने,

(ख) अस्पतालबाट प्रदान गरिने सेवाको सञ्चालन, सुधार र विस्तारको लागि स्थानीय स्तरमा आवश्यक पर्ने स्रोत र साधनको पहिचान र व्यवस्थापन गर्ने,

(ग) अस्पतालको अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा एवं कार्यान्वयन गर्न सहयोग गर्ने,

(घ) लागत अनुमान समेतका आधारमा अस्पतालको सेवा शुल्क प्रस्ताव गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्न लगाउने,

(ङ) अस्पतालबाट प्रदान गरिएका सेवा सुविधाहरुको नियमित अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण गर्ने,

(च) प्रचलित स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापन निर्देशिका बमोजिम अस्पतालको फोहोरमैला व्यवस्थापनको उचित प्रबन्ध मिलाउने,

(छ) अस्पतालमा कार्यरत कर्मचारीहरुलाई कार्यस्थलमा सुरक्षाको प्रत्याभूति गर्न सरोकारवालासँग समन्वय गर्ने,

(ज) गरिव, विपन्न, जन आन्दोलनका घाइते, शहिद तथा वेपत्ताका परिवार, वेवारिसे, असहाय बिरामीको लागि निःशुल्क उपचार सम्बन्धी मापदण्ड/कार्यविधि बनाई मन्त्रालयबाट स्वीकृत गराएर कार्यान्वयन गर्ने व्यवस्था मिलाउने,

(झ) बैठकको निर्णय बेगर र प्रचलित कानूनको प्रतिकूल हुने गरी अस्पतालमा थप आर्थिक दायित्व सिर्जना हुने कार्य नगर्ने,

(ञ) पच्चिस शैय्याका अस्पतालहरुले स्थानीय आवश्यकता प्राथमिकीकरण गरी विशेषज्ञ सेवा सञ्चालनको व्यवस्था मिलाउने,

(ट) पचास शैय्याका अस्पतालहरुले स्वीकृत सङ्गठन संरचना अनुसारको विशेषज्ञ सेवाका अलावा स्थानीय आवश्यकता प्राथमिकीकरण गरी प्रदेशकै नमूना सेवाको रुपमा न्यूनतम थप दुई विशेषज्ञ सेवा सञ्चालनको व्यवस्था मिलाउने,

(ठ) सय शैय्याका अस्पतालहरुले स्वीकृत सङ्गठन संरचना अनुसारको विशेषज्ञ सेवाका अलावा खण्ड (ट) बमोजिम र न्यूनतम थप एक विशिष्टीकृत विशेषज्ञ सेवा सञ्चालनको कार्ययोजना तयार गरी मन्त्रालयमा पेश गर्ने र सेवा प्रवाहको व्यवस्था मिलाउने,

(ड) मन्त्रालयले तोके बमोजिमको अन्य कार्यहरु गर्ने ।

६. **अध्यक्षको काम, कर्तव्य र अधिकार:** अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको विस्तार एवं गुणस्तरीय बनाउनको लागि आवश्यक पर्ने स्रोत/साधन जुटाउने,

(ख) तीनै तहको सरकार र स्थानीय सरोकारवालासँग आवश्यक समन्वय र सहकार्य गर्ने,

(ग) बैठकमा मत बराबर भएमा निर्णायक मत दिने,

(घ) अस्पतालको सेवा प्रवाह सम्बन्धमा प्राप्त सेवाग्राहीको गुनासो सम्बोधन गर्ने/गराउने ।

७. **सदस्य सचिवको काम, कर्तव्य र अधिकारः** सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अस्पतालको दैनिक प्रशासनीक, आर्थिक तथा चिकित्सीय कार्यहरुको नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

(ख) अस्पतालको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटलाई मितव्ययी र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने/गराउने,

(ग) समितिको निर्णय प्रमाणिकरण गरी कार्यान्वयनको प्रक्रियामा लैजाने,

(घ) अस्पतालको सम्पत्तिको सुरक्षा, संरक्षण एवं आवश्यक रेखदेख गर्ने/गराउने,

(ङ) एजेण्डाहरु तयार गरी अध्यक्षसँगको समन्वयमा बैठक बोलाउने,

(च) समितिले गरेको निर्णय अनुरुपका अन्य आवश्यक कार्यहरु गर्ने/गराउने ।

८. **बजेट तथा कार्यक्रम तर्जुमा, स्वीकृति र कार्यान्वयन:** समितिको बजेट तर्जुमा, स्वीकृति र कार्यान्वयन गण्डकी प्रदेश सरकारबाट जारी अस्पताल व्यवस्थापन समितिको आर्थिक व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम हुनेछ । आँपपिपल अस्पताल र बुर्तिवाङ अस्पतालको हकमा समेत अस्पताल व्यवस्थापन समितिको आर्थिक व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम समितिको बजेट तर्जुमा, स्वीकृति र कार्यान्वयन हुनेछ ।

९. **समितिको कोष सञ्चालन एवं खर्च सम्बन्धमाः** (१) प्रदेश लेखा नियन्त्रक कार्यालय /कोष तथा लेखा नियन्त्रक कार्यालय अन्तर्गतको विविध खातामा समितिको कोष रहनेछ ।

(२) समितिको कोष अस्पतालको प्रमुख र अस्पतालको लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) समितिको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्ः-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट अस्पताल सञ्चालनको लागि अस्पताल व्यवस्थापन समितिको नाममा प्राप्त हुने अनुदानको रकम,

(ख) अस्पतालले सेवा प्रदान गरे बापत प्राप्त हुने स्वीकृत सेवा शुल्क,

(ग) स्वदेशी व्यक्ति, संघ, संस्था वा निकायबाट प्राप्त रकम,

(घ) विदेशी सरकार, संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(४) समितिले उपदफा (३) को खण्ड (घ) बमोजिम कुनै रकम प्राप्त गर्दा प्रचलित कानून बमोजिम प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयको वार्षिक बजेटको कार्यक्रम तथा क्रियाकलापको खर्च शीर्षकमा उल्लेख भएको रकम समितको कोषमा जम्मा गर्न पाइने छैन।

(६) समितिको कोषमा रहेको रकम प्रदेश सरकारबाट स्वीकृत अस्पताल व्यवस्थापन समितिको आर्थिक व्यवस्थापन कार्यविधि,२०८२ बमोजिम खर्च गर्नु पर्नेछ।

१०. **जनशक्ति व्यवस्थापन सम्बन्धी व्यवस्थाः** (१) अस्पतालमा सञ्चालित बिशिष्टीकृत एवं बिशेषज्ञ सेवा लगायतको निरन्तरता र गुणस्तर अभिबृद्धि गर्न आवश्यक थप जनशक्ति आन्तरिक श्रोतबाट आर्थिक व्यवस्थापन हुनेगरी सेवा करारमा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको थप जनशक्तिको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण अनुसूची -१ बमोजिमको ढाँचामा तयार गर्ने प्रयोजनको लागि देहाय बमोजिमको समिति रहनेछः-

(क) प्रमुख / मेडिकल सुपरिटेण्डेन्ट - संयोजक

(ख) समितिले तोकेको विशेषज्ञ चिकित्सक/चिकित्सक एक जना - सदस्य

(ग) अस्पतालको नर्सिङ प्रमुख - सदस्य

(घ) अस्पतालको आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ङ) अस्पतालको प्रशासन शाखा प्रमुख (रिक्त रहेको अवस्थामा संयोजकले तोकेको कर्मचारी) -सदस्य सचिव

(३) सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समितिले अनुसूची -१ बमोजिम ढाँचामा अस्पतालको आन्तरिक स्रोतबाट व्यवस्थापन हुने गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको समितिले पेश गरेको सर्वेक्षण प्रतिवेदन व्यवस्थापन समितिबाट पारित गराई स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश भएको प्रतिवेदनमा मन्त्रालयले आवश्यक संशोधन, थपघट, स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ र सोको जानकारी सम्बन्धित अस्पताललाई दिनु पर्नेछ ।

(६) सेवा करारमा नियुक्त हुने कर्मचारी सम्बन्धी व्यवस्था गण्डकी प्रदेश सरकारबाट जारी प्रचलित कार्यविधि एवं मापदण्ड बमोजिम हुनेछ ।

**११. <u>लेखा र लेखा परीक्षण सम्बन्धी व्यवस्थाः</u>** (१) अस्पतालको आय-व्ययको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचा बमोजिम राख्नु पर्नेछ ।

(२) अस्पतालको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय / कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(३) समितिले प्रचलित कानून बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(४) मन्त्रालयले आवश्यकतानुसार अस्पतालको आर्थिक कार्यप्रणालीको अनुगमन र निरीक्षण गर्न सक्नेछ।

**१२. <u>अधिकार प्रत्यायोजनः</u>** समितिलाई प्राप्त अधिकारमध्ये अस्पतालको बजेट तथा कार्यक्रम र अस्पतालको सेवा शुल्क प्रस्ताव गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने बाहेक

अन्य अधिकार समितिले आवश्यकता अनुसार अध्यक्ष वा सदस्य सचिवले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

१३. **निर्देशन दिन सक्ने:** मन्त्रालयले समितिको काम कारबाहीका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

१४. **कारवाही गर्न सक्ने:** दफा ३ को उपदफा (१) खण्ड (क) (ख) र (ग) को क्रम सङ्ख्या एक र तीन बमोजिम मनोनीत सदस्यले दफा १३ बमोजिमको निर्देशन पालना नगरेमा, पदीय जिम्मेवारी पुरा नगरेमा, प्रचलित कानूनको प्रतिकूल हुने निर्णय वा कार्य गरेमा, अस्पताललाई हानि नोक्सानी पुऱ्याउने लगायतका कार्यहरु गरेमा मन्त्रालयले सात दिनको म्याद दिई लिखित स्पष्टीकरण सोधन सक्नेछ र निजले पेश गरेको स्पष्टीकरण चित्त बुझ्दो नभएमा वा नलागेमा दफा ३ को उपदफा (१) खण्ड (क) (ख) र (ग) को क्रम सङ्ख्या तीन बमोजिम नियुक्त भएको व्यक्तिलाई मन्त्रालयले पदबाट हटाउन सक्नेछ र दफा ३ को उपदफा (१) खण्ड (क) (ख) र (ग) को क्रम सङ्ख्या एक बमोजिम नियुक्त भएको व्यक्तिको हकमा पदबाट हटाउनको लागि प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ ।

१५. **पद रिक्त रहने अवस्था:** देहायको अवस्थामा दफा ३ बमोजिम मनोनीत अध्यक्ष तथा सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) अध्यक्ष वा सदस्यले मन्त्रालय समक्ष लिखित राजीनामा दिएमा,

(ख) समितिलाई जानकारी नदिई लगातार तीन पटक समितिको बैठकमा अनुपस्थित भएमा,

(ग) नैतिक पतन देखिने एवं फौजदारी कसुरमा अदालतबाट दोषी ठहरिएमा,

(घ) निजको पदावधि समाप्त भएमा,

(ङ) निजलाई दफा १४ बमोजिम कारवाही गरी पदबाट हटाइएमा,

(च) निजको मृत्यु भएमा ।

१६. **अभिलेख तथा प्रतिवेदन:** (१) समितिले वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयनको स्थिति एवं आम्दानी र खर्चको विवरण, अस्पतालका सेवा र सेवाशुल्क, समितिका निर्णयहरु र सोको कार्यान्वयनको अवस्था सहित आफूले सम्पादन गरेका सम्पूर्ण काम

समेटी प्रतिवेदन तयार गरेर आर्थिक वर्ष समाप्त भएको पैचालिस दिनभित्र मन्त्रालयमा अनिवार्य पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदनको आधारमा मन्त्रालयको चिकित्सा हेर्ने महाशाखाले एकीकृत प्रतिवेदन तयार गरी तीन महिनाभित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

१७. **<u>मन्त्रालयसँग सम्पर्क:</u>** (१) समितिले मन्त्रालयसँग सम्पर्क राख्दा सम्बन्धित अस्पताल मार्फत राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्पर्क राख्दा सम्बन्धित अस्पतालको आधिकारिक लेटरप्याड र सहिछाप प्रयोग गरी अस्पतालको प्रमुख मार्फत सम्पर्क राख्नुपर्नेछ । यसरी सम्पर्क गर्दा समितिको छुट्टै लेटर प्याड र सहिछाप आदि हुने छैन र प्रयोग गर्न समेत पाइने छैन।

१८. **<u>मार्गदर्शन, मापदण्ड बनाउन सक्ने:</u>** मन्त्रालयले यस गठन आदेश कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन, मापदण्ड जारी गर्न सक्नेछ ।

१९. **<u>बाधा अड्काउन फुकाउन सक्ने:</u>** यस गठन आदेशको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

२०. **<u>संशोधन :</u>** प्रदेश सरकारले यस गठन आदेशमा आवश्यक संशोधन गर्न सक्नेछ ।

२१. **<u>खारेजी र बचाउ:</u>** (१) संक्रामक तथा सरुवा रोग अस्पताल व्यवस्थापन तथा सञ्चालन समिति (गठन) आदेश, २०७७ (संशोधन सहित), अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८० (संशोधन सहित), बुर्तिवाङ अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८२, आँपपिपल अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८२ लाई खारेज गरिएको छ।

(२) संक्रामक तथा सरुवा रोग अस्पताल व्यवस्थापन तथा सञ्चालन समिति (गठन) आदेश, २०७७ (संशोधन सहित), अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८० (संशोधन सहित), बुर्तिवाङ अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८२, आँपपिपल अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८२ बमोजिम भए गरेका काम कारबाहीहरु यसै गठन आदेश बमोजिम भएको मानिनेछ।

**अनुसूची-१**

(दफा १० को उपदफा (२) सँग सम्बन्धित)

**सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी पेश गरिने प्रतिवेदनको ढाँचा**

भाग — १

**परिचय**

१. अध्ययनको पृष्ठभूमिः

२. समितिको गठनः

३. अध्ययनको उद्देश्यः

४. अध्ययनको विधि र सिमाः

भाग — २

**मौजुदा दरवन्दी**

१. मौजुदा दरवन्दी र पदपूर्तिको अवस्थाको विश्लेषणः

भाग — ३

**विश्लेषण र औचित्य**

१. कार्यबोझ र कार्यप्रकृतिको विश्लेषणः

भाग — ४

**प्रस्तावित दरवन्दी, वित्तीय विश्लेषण र सिफारिस**

१. अस्पतालमा थप गर्नु पर्ने प्रस्तावित दरवन्दी तेरिजको विवरणः

२. अस्पतालको आन्तिरिक आय र प्रस्तावित दरवन्दी तेरिजबाट अस्पतालको आन्तरिक श्रोतमा पर्न जाने वित्तीय व्यय भारको विश्लेषणः

३. अन्य सुझाव, सिफारिस र निष्कर्षः

आज्ञाले,
डा. विश्व बन्धु बगाले
प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु. ५०।-